बैठक संख्याः १२-२०८२/८३
बैठक मितिः २०८३/३/३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

आज मिति २०८३/३/३ गते (ने.सं. ११४६, तछलाथ्व ३) बुधबार पूर्वान्ह ९:३० बजे धर्मदेवी नगरपालिकाका नगर प्रमुख श्री उदय चन्द्र पौडेलज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

उपस्थितः

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री उदय चन्द्र पौडेल | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा महत (भट्टराई) | नगर उपप्रमुख | |
| ३ | श्री जगत बहादुर कार्की | वडाध्यक्ष (वडा नं. १) | |
| ४ | श्री गजेन्द्र बहादुर जिमी | वडाध्यक्ष (वडा नं. २) | |
| ५ | श्री श्याम बहादुर पौडेल | वडाध्यक्ष (वडा नं. ३) | |
| ६ | श्री बद्री बहादुर घिमिरे | वडाध्यक्ष (वडा नं. ४) | |
| ७ | श्री राम बहादुर मगर | वडाध्यक्ष (वडा नं. ५) | |
| ८ | श्री लक्ष्मीप्रसाद अधिकारी | वडाध्यक्ष (वडा नं. ६) | |
| ९ | श्री नविन जिमी | वडाध्यक्ष (वडा नं. ७) | |
| १० | श्री सुमन नेपाल | वडाध्यक्ष (वडा नं. ८) | |
| ११ | श्री चित्र कुमार कार्की | वडाध्यक्ष (वडा नं. ९) | |
| १२ | श्री लाल माया जिमी | कार्यपालिका सदस्य | |
| १३ | श्री विष्णु माया मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री मिता राई | कार्यपालिका सदस्य | |
| १५ | श्री प्रेमिका जिमी | कार्यपालिका सदस्य | |
| १६ | श्री अञ्जली जिमी | कार्यपालिका सदस्य | |
| १७ | श्री रुद्र बहादुर सुनुवार | कार्यपालिका सदस्य | |
| १८ | श्री प्रकाश गुरुङ्ग | प्रमुख प्रशासकीय अधिकृत | |
| **आमन्त्रित** | | | |
| १ | श्री बिरोध नेपाल | सूचना प्रविधि अधिकृत | |
| २ | श्री ज्ञानु श्रेष्ठ | जनस्वास्थ्य निरीक्षक | |
| ३ | श्री राजेश गिरी | आर्थिक प्रशासन प्रमुख | |
| ४ | श्री दिपक कार्की | नायब सुब्बा | |
| ५ | श्री दिपक कुमार ढुङ्गेल | नायब सुब्बा | |

बैठक संख्याः १२-२०८२/८३
बैठक मितिः २०८३/३/३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

<u>प्रस्तावहरुः</u>

१. गत कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।
२. सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन सम्बन्धमा ।
३. समग्र बजेट सिलिङको जानकारी सम्बन्धमा ।
४. आगामी आ.व. २०८३/८४ को नीति, कार्यक्रम तथा वार्षिक बजेट तर्जुमाको कार्यतालिका सम्बन्धमा ।
५. नगर तथा वडास्तरीय बजेट सिलिङ सम्बन्धमा ।
६. विषयगत शाखाको बजेट सिलिङ सम्बन्धमा ।
७. चालु योजनाको म्याद थप सम्बन्धमा ।
८. विविध सम्बन्धमा ।

<u>निर्णयहरुः</u>

१. प्रस्ताव नं. (१) माथि छलफल गर्दा यसभन्दा अघि भएका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्था सन्तोषजनक रहेको साथै कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरु कार्यान्वयन गर्दै लैजाने ।

२. प्रस्ताव नं. (२) उपर छलफल गर्दा नगर कार्यपालिकाको मिति २०८३/१/२३ गतेको पूर्व स्वीकृति बमोजिम गठित "सर्वेक्षण समिति" बाट यस नगरपालिकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धमा अध्ययन तथा छलफल भई प्राप्त भएको मस्यौदा उपर नगर कार्यपालिका मातहतको सुशासन तथा क्षमता विकास समितिबाट समेत अध्ययन भई आवश्यक सिफारिस सहित प्राप्त भएको "सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (Organization and Management Survey) प्रतिवेदन (आर्थिक वर्ष २०८२/८३)" लाई यसको आवश्यकता र औचित्य समेतलाई दृष्टिगत गर्दै *<u>स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८०</u>* को दफा ६ को उपदफा (३) तथा *<u>सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण सम्बन्धी राष्ट्रिय मापदण्ड, २०८२</u>* को दफा ९ को उपदफा (५) बमोजिम स्वीकृतिका लागि आगामी नगरसभामा सिफारिस गर्ने साथै उक्त मापदण्डको दफा १२ को उपदफा (२) बमोजिम मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मूल्याङ्कनका लागि पठाउने।

३. प्रस्ताव नं. (३) उपर छलफल गर्दा चालु आर्थिक वर्ष २०८२/८३ को लागि सङ्घीय सरकार र प्रदेश सरकारबाट सुरुमा प्राप्त बजेट सिलिङ र उक्त बजेट सिलिङमा बजेट कटौती भई हाल कायम हुन आएको बजेट र आगामी आर्थिक वर्ष २०८३/८४ को लागि सङ्घीय सरकार, कोशी प्रदेश सरकार तथा नगरपालिकाको आफ्नै स्रोत तर्फबाट

बैठक संख्याः १२-२०८२/८३
बैठक मितिः २०८३/३/३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

निम्न शीर्षकहरुमा प्राप्त हुने देहाय बमोजिमको बजेट सिलिङ बैठक समक्ष पेश भई जानकारी भयो।

## चालु आ.व. २०८२/८३ को लागि सुरुमा प्राप्त बजेट सिलिङ र हाल कायम हुन आएको बजेट

| क्र.सं. | स्रोत | शुरु प्राप्त बजेट शिलिङ (रु.) | बास्तविक प्राप्त भएको बजेट (रु.) |
|---|---|---|---|
| १ | नेपाल सरकार - समानिकरण अनुदान : नेपाल सरकार नगद अनुदान | ११,५७,००,००० | १०,५८,०७,६५० |
| २ | नेपाल सरकार - शसर्त अनुदान चालु : नेपाल सरकार - नगद अनुदान | १८,१९,००,००० | १८,१९,००,००० |
| ३ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. सोधभर्ना अनुदान (बैदेशिक) | ३८,००,००० | २५,४६,००० |
| ४ | नेपाल सरकार - शसर्त अनुदान चालु : एस.इ.एस.पी. सोधभर्ना हुने ऋण (बैदेशिक) | ७७,००,००० | ७७,००,००० |
| ५ | नेपाल सरकार - शसर्त अनुदान चालु : युरोपियन युनियन नगद अनुदान (बैदेशिक) | ३,००,००० | २,४०,००० |
| ६ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत आन्तरिक ऋण नगद (आन्तरिक ऋण) | २५,००,००० | २५,००,००० |
| ७ | नेपाल सरकार - शसर्त अनुदान पुँजीगत : स्वीट्जरल्याण्ड एस डी सी - नगद अनुदान (बैदेशिक) | २२,००,००० | २२,००,००० |
| ८ | नेपाल सरकार - समपुरक अनुदान पुँजीगत : आन्तरिक ऋण नगद (आन्तरिक ऋण) | १,२२,००,००० | ३१,३८,४७८ |
| ९ | कोशी प्रदेश - समानिकरण अनुदानः कोशी प्रदेश - नगद अनुदान | १,११,०५,००० | १,११,०५,००० |
| १० | कोशी प्रदेश - शसर्त अनुदान चालु : कोशी प्रदेश - नगद अनुदान | ४३,२५,००० | ४३,२५,००० |
| ११ | कोशी प्रदेश - शसर्त अनुदान पुँजीगत : कोशी प्रदेश - नगद अनुदान | १,०५,७०,००० | १,०५,७०,००० |
| १२ | कोशी प्रदेश - समपुरक अनुदान पुँजीगत : कोशी प्रदेश - नगद अनुदान | १,४०,००,००० | ८,८३,००० |
| १३ | राजस्व बाँडफाँड - प्रदेश सरकार राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - प्रदेश सरकार -नगद | ५९,६६,००० | १९,३२,१९४.७८ |
| १४ | राजस्व बाँडफाँड - स्थानीय राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - स्थानीय - नगद | ५,००,००० | ० |

बैठक संख्याः १२-२०८२/८३
बैठक मितिः २०८३/३/३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

| | | | |
|---|---|---|---|
| १५ | राजस्व बाँडफाँड - संघीय सरकार राजस्व बाँडफाँड : राजस्व बाँडफाँड - संघीय सरकार - नगद | ८,१०,१३,१८८ | ६,१४,२०,४४३.८४ |
| १६ | आन्तरिक श्रोत - आन्तरिक श्रोतः आन्तरिक श्रोत - नगद | ९०,६०,२३३.९५ | ० |
| १७ | आन्तरिक श्रोत - बैंक मौज्दात : आन्तरिक श्रोत - नगद | ७,०५,३३,९७५.५७ | ७,०५,३३,९७५.५७ |
| जम्मा | | ५३,३३,७३,३९७.५२ | ४६,६८,०१,७४२.१९ |

आगामी आ.व. २०८३/८४ का लागि प्राप्त अनुमानित बजेट सिलिङ

| क्र.सं. | स्रोत | प्राप्त शिलिङ (रु.) | कैफियत |
|---|---|---|---|
| १ | वित्तीय समानिकरण अनुदान | ११,७२,००,००० | शिलिङ प्राप्त |
| २ | राजश्व बाँडफाँड | ८,४१,०४,००० | शिलिङ प्राप्त |
| ३ | समपुरक अनुदान | १,००,००,००० | शिलिङ प्राप्त (मुढे केवा बेशी सडक कालोपत्रे) |
| ४ | सशर्त अनुदान चालु | २०,३९,००,००० | शिलिङ प्राप्त |
| ५ | सशर्त अनुदान पुँजिगत | ८६,००,००० | शिलिङ प्राप्त |
| ६ | बिषेश अनुदान | ४५,००,००० | शिलिङ प्राप्त |
| ७ | वित्तीय समानिकरण अनुदान | १,२२,१५,५०० | अनुमान |
| ८ | राजश्व बाँडफाँड | ७०,००,००० | अनुमान |
| ९ | समपुरक अनुदान | १,५०,००,००० | अनुमान |
| १० | सशर्त अनुदान चालु | ४५,००,००० | अनुमान |
| ११ | सशर्त अनुदान पुँजिगत | ५०,००,००० | अनुमान |
| १२ | आन्तरिक राजश्व | १,००,००,००० | अनुमान |
| १३ | राजश्व बाँडफाँड स्थानीय सरकार | ५,००,००० | अनुमान |
| १४ | बैक मौज्दात | ५,००,००,००० | अनुमान |
| १५ | धरौटी | १,००,००,००० | अनुमान |
| १६ | अन्य कोष खाता | - | - |
| जम्मा | | ५४,२५,१९,५०० | |

बैठक संख्याः १२-२०८२/८३
बैठक मितिः २०८३/३/३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

४. प्रस्ताव नं. (४) उपर छलफल गर्दा यस नगरपालिकाका लागि आगामी आर्थिक वर्ष २०८३/८४ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा निम्न बमोजिमको कार्यतालिका पारित गरी उक्त कार्यतालिका सहितको मार्गदर्शन सबै वडाहरु, नगर कार्यपालिका अन्तर्गतका विषयगत समितिहरु तथा नगरपालिकाका सम्पूर्ण शाखा तथा कार्यालयहरुमा पठाउने।

<u>कार्यतालिका</u>

| क्र.सं. | क्रियाकलाप | मिति |
|---|---|---|
| १ | वडास्तरीय योजना तर्जुमा गरी न.पा मा पेश गर्ने | २०८३/३/७ गते भित्र |
| २ | विषयगत समितिहरुको बैठक | २०८३/३/८ गते भित्र |
| ३ | नगरपालिका मातहतका शाखा तथा कार्यालयहरु बीच छलफल भई निक्यौंल गर्ने | २०८३/३/८ गते भित्र |
| ४ | सोह्रौं अधिवेशनमा पेश गरिने आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिने नगर कार्यपालिका बैठक | २०८३/३/९ गते |
| ५ | नगर सभाको सोह्रौं अधिवेशनको पहिलो बैठक | २०८३/३/१० गते |

५. प्रस्ताव नं. (५) उपर छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४ को लागि सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान, राजस्व बाँडफाँड र नगरपालिकाको आन्तरिक राजस्व तर्फको बजेटबाट नगर तथा वडास्तरीय कार्यक्रम तथा योजनाहरु सञ्चालन गर्नका लागि देहायका क्षेत्रमा देहाय बमोजिम बजेटको प्रतिशत रहने गरी प्रत्येक वडालाई रु. ५०,००,०००/- (अक्षरेपीः पचास लाख) मात्रका दरले वडास्तरीय र नगरस्तरीय रु. ... ... ... ... ... ... ... ... (अक्षरेपी ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ...) बजेट सिलिङ निर्धारण गर्ने ।

| क्र.सं. | क्षेत्र | प्रतिशत |
|---|---|---|
| १ | आर्थिक विकास | २५% |
| २ | पूर्वाधार विकास | ३५% |
| ३ | सामाजिक विकास | २५% |
| ४ | सुशासन तथा संस्थागत विकास | १०% |
| ५ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ५% |
| | जम्मा | १००% |

बैठक संख्याः १२-२०८२/८३
बैठक मितिः २०८३/३/३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

६. प्रस्ताव नं. (६) उपर छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय समानिकरण अनुदान, राजस्व बाँडफाँड र नगरपालिकाको आन्तरिक राजस्व तर्फको बजेटबाट देहायका विषयगत शाखाका लागि देहाय बमोजिम बजेट सिलिङ निर्धारण गर्ने।

| क्र.सं. | विषयगत शाखा | प्रस्तावित बजेट (रु.) |
|---|---|---|
| १ | प्रशासन तथा योजना शाखा | |
| २ | आर्थिक प्रशासन तथा राजस्व व्यवस्थापन शाखा | |
| ३ | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | |
| ४ | भूमि व्यवस्था तथा सहकारी शाखा | |
| ५ | सञ्चार, सूचना प्रविधि, स्थानीय तथ्याङ्क तथा अभिलेख शाखा | |
| ६ | शिक्षा, युवा तथा खेलकुद शाखा | |
| ७ | स्वास्थ्य शाखा | |
| ८ | कृषि विकास शाखा | |
| ९ | पशु सेवा शाखा | |
| १० | कानून शाखा (न्यायिक समिति) | |
| ११ | महिला, बालबालिका तथा समाज कल्याण शाखा | |
| १२ | आयुर्वेद तर्फ | |
| १३ | रोजगार तर्फ | |
| १४ | पञ्जीकरण तर्फ | |
| १५ | लघु उद्यम विकास तर्फ | |
| १६ | उद्योग तथा वाणिज्य तर्फ | |

७. प्रस्ताव नं. (७) उपर छलफल गर्दा देहाय बमोजिमका योजनाहरुको देहाय बमोजिमका चालु योजनाहरुको अवस्था विश्लेषण गरी देहाय बमोजिम म्याद थप गर्ने:-

क) <u>कुन्ताङ मोड हुँदै बाठा चोक सडक स्तरोन्नति</u>

नगरपालिकाको आ.व. २०८२/८३ को "कुन्ताङ मोड हुँदै बाठा चोक सडक स्तरोन्नति" योजना कार्यान्वयनका लागि भ्याट, पि.एस. र कन्टिन्जेन्सि सहित रु. २०,३२,२९६.९६ (अक्षरेपीः बीस लाख बत्तीस हजार दुई सय छयानब्बे रुपैयाँ पैसा छयानब्बे मात्र) को लागत अनुमान स्वीकृत भई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम इ-विडिङ मार्फत ठेक्का प्रक्रिया अगाडि बढाइएकोमा तोकिएको समयसीमा भित्र रितपुर्वक पेस भएका वोलपत्रहरु मध्ये

बैठक संख्याः १२-२०८२/८३
बैठक मितिः २०८३/३/३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

New Pathivara Construction, धरान-८, सुनसरीको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त निर्माण कम्पनीले पेस गरेको भ्याट र पि.एस. सहित रु. १९,००,०००.०५ (अक्षरेपीः उन्नाइस लाख रुपैयाँ पैसा पाँच मात्र।) को बोलपत्र स्वीकृत गरी यस कार्यालय र New Pathivara Construction, धरान-८, सुनसरी बीच मिति २०८२/९/२८ मा सम्झौता भएको,
उक्त सम्झौता बमोजिमको निर्धारित समयसीमा मिति २०८३/२/१५ गते भित्र निम्न कारण देखाई कार्य सम्पन्न गर्न नसक्ने भनी उक्त निर्माण व्यावसायीले म्याद थप गरी पाऊँ भनी मिति २०८३/१/२० मा निवेदन दिएको :-

- अन्तराष्ट्रिय परिस्थिति तथा इरान र अमेरिकाबीचको द्वन्द्वले आपूर्ति प्रणालीमा र बजार मुल्यमा प्रत्यक्ष असर पारी डिजेल तथा अन्य निर्माण सामाग्रीको मुल्य वृद्धि भई निर्माण सामाग्रीको अभाव लगायतका विषय

सो सम्बन्धमा थप भएको म्याद भित्र कार्य सम्पन्न हुने सुनिश्चितता सहित सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम निवेदकको म्याद मिति २०८३/३/२० सम्म थप गर्ने।

ख) <u>प्रशासकीय भवन निर्माण</u>

नगरपालिकाको आ.व. २०७८/७९ को "प्रशासकीय भवन निर्माण" योजना कार्यान्वयनका लागि भ्याट र पि.एस. सहित रु. ८,५८,२२,२९७.८९ (अक्षरेपीः आठ करोड अन्ठाउन्न लाख वाइस हजार दुई सय सन्तानब्बे रुपैयाँ पैसा उनान्नब्बे) मात्रको लागत अनुमान स्वीकृत भई सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम इ-विडिङ मार्फत बोलपत्र आह्वान भएकोमा तोकिएको समयसीमा भित्र रीतपुर्वक पेस भएका वोलपत्रहरु मध्ये Swaminarayan-Binayak J.V., चैनपुर, सङ्खुवासभाको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही रहेकोले उक्त निर्माण कम्पनीले पेस गरेको भ्याट र पि.एस. बाहेक रु. ५,२६,६१,५८३/- (अक्षरेपीः पाँच करोड छब्बीस लाख एकसठ्ठी हजार पाँच सय त्रियासी रुपैयाँ) मात्रको बोलपत्र स्वीकृत गरी यस कार्यालय र Swaminarayan-Binayak J.V., चैनपुर, सङ्खुवासभाबीच मिति २०७८/९/२८ मा सम्झौता भएको,
उक्त सम्झौता तथा विभिन्न मितिमा भएको म्याद थप बमोजिमको निर्धारित समय सीमा मिति २०८३/३/१२ भित्र निम्न कारण देखाई कार्य सम्पन्न गर्न नसक्ने भई उक्त निर्माण व्यावसायीले म्याद थप गरी पाऊँ भनी मिति २०८३/२/१२ मा निवेदन दिएको :-

बैठक संख्याः १२-२०८२/८३
बैठक मितिः २०८३/३/३, समयः पूर्वान्ह ९:३० बजे
स्थानः धर्मदेवी नगरपालिका कार्यालयको सभाहल।

- निर्माण सामाग्रीको मूल्य अत्याधिक वृद्धि भई आवश्यक मात्रामा आपूर्ति हुन नसकेको,
- वर्षातको कारणले ढुवानीमा कठिन भई निर्माण सामाग्री अपुग भएको,
- साइटमा हाल रेट्रो फिटिङ कार्य भइरहेकोमा रेट्रो फिटिङ गर्ने कच्चा पदार्थ नेपालमा उपलब्ध हुन नसकी भारतवाट आयात गर्नुपर्ने, भेटिन गाह्रो हुने र अर्डरमा मात्र तयार पार्ने गरेको

सो सम्बन्धमा थप भएको म्याद भित्र कार्य सम्पन्न हुने सुनिश्चितता सहित सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानून बमोजिम निवेदकको म्याद मिति २०८४/३/१२ सम्म थप गर्ने।